# नेपाल निक्र्योल




*लेखक : दिवाकर आचार्य*
*प्रकाशक : मार्टिन चौतारी*
*मूल्य : २०० रुपियाँ, पृष्ठ : ६८*
*संस्करण : २०७४*

'नेपाल'बारे लेखेका विभिन्न पश्चिमा तथा हाम्रै ज्ञानमणि नेपाल, प्रयागराज शर्मा, कमलप्रकाश मल्लहरूलाई नै पत्याइरहनुभएको छ भने यो पुस्तक नपढी सुखै छैन। आचार्यले यसबारे पहिलो लेख त २०६५ सालमै छपाएकै थिए। दुई दशकसम्मको अध्ययन, अनुसन्धान, संशोधन र परिष्कारपछि तयार पारिएको यो पुस्तक नेपालको प्राचीन इतिहासको एउटा अकाट्य दस्तावेज बनेको छ। अब पनि हाम्रा विद्यालय-विश्वविद्यालयमा 'नेपाल नाम यसरी रहन गयो' भनेर काल्पनिक कहानी सुनाइरहने कि विद्यालय तहको सामाजिक विषयको इतिहास खण्डमा यसलाई एउटा परिच्छेद बनाएर पढाउन ढिलो नगर्ने ? अथवा, ऐतिहासिकहरूले यस पुस्तकका तथ्य र तर्कलाई खारेज गरे पनि भयो। (हामी धेरैले मानिआएका ऐतिहासिक ज्ञानमणि नेपालका तर्कमा सुरुदेखि अन्त्यसम्म प्रश्नै प्रश्न उठाएर 'प्रामाणिक सत्योद्घाटन' गरेका आचार्यलाई ज्ञानमणिज्यूले दिने धन्यवाद वा खण्डन लेख यही नागरिक पत्रिकामा पढ्न यो पंक्तिकार आतुर छ।) आचार्यको यो आद्य-इतिहास (प्रोटो-हिस्ट्री) मा यस्ता बलिया आधार छन्, जसले बहस र छलफलका लागि पर्याप्त पृष्ठ/समय माग गर्छन्।

पुस्तकमा तीन अध्याय छन्, 'नेपाल शब्दको व्युत्पत्ति र अर्थ', 'जातिवाचक नीप शब्द र व्याकरण महाभाष्य' र 'नीपहरू को हुन् ?' उनले नेपालको व्युत्पत्तिगत संरचना मात्र केलाएका छैनन्, यहाँ कहाँबाट कसरी को आए-गए अर्थात् बासिन्दाको पनि गोरेटो कोरेका छन्। पुस्तकको ब्लर्बमा लेखिएझैं यो पुस्तकको अर्को वैशिष्ट्य के पनि हो भने यसमा आर्य-अनार्य, प्रकृतिपूजक-मूर्तिपूजक-याज्ञिक, किरात-संस्कृतजस्ता चल्तीमा रहेका द्विचर विरोधभन्दा फरक ढंगले नेपाललाई बुझिनुपर्छ/बुझ्न सकिन्छ भन्ने संकेत गरिएको छ। उनी भन्छन्, 'गोपाल, किरात र लिच्छवि एउटै वा उस्तै समयमा तर अलगअलग क्षेत्रमा अस्तित्वमा रहेका पनि हुन सक्छन् र वंशावलीले मात्र यिनलाई एकको समाप्तिपछि अर्को अस्तित्वमा आएको देखाउन पुगेका हुनसक्छन्।'

जुन भूभागलाई अहिले नेपाल भनिन्छ, यसलाई कहिलेदेखि र किन नेपाल भन्न थालियो होला ? यसको प्रामाणिक जवाफ हो, नीपजन र नेपाल। नीप। नि+अप्। नि उपसर्ग हो र अप् पानी बुझाउने शब्द हो। यिनलाई जोड्दा अर्थ हुन्छ– पानी नजिकको होचो र गहिरो ठाउँ। नीपले त्यहाँका प्राणी र वनस्पतिलाई पनि बुझाउँछ। यो आचार्यको



**विमल आचार्य**

कपोलकल्पिक अर्थ होइन। यो वैदिक संस्कृतका थुप्रै वाङ्मयमा उल्लिखित छ, जसको प्रमाण पुस्तकमा यथेष्ट छ। गोपालराजवंशावलीमा पनि नेपालको सम्बन्ध नेप नामका ग्वालासँग देखाइएको छ।

संस्कृत भाषामा नेपाल शब्द इस्वीको पहिलो-दोस्रो शताब्दीदेखि छ। यसको मूल नीप त झनै यसभन्दा सयौं वर्षअघिदेखि प्रयोगमा छ। तर, नेपालको व्युत्पत्ति गर्दा धेरै पछिको सन्दर्भ र हुँदै नभएका भाषामा खोज्नु अर्थहीन छ भन्ने लेखकको तर्क छ। पाणिनिले अर्थ लगाउनुभन्दा पनि पहिले यजुर्वेदमा नीप शब्दबाट बनेको नीप्य शब्द छ भनेर देखाएका छ।

आचार्य लेख्छन्, 'पाणिनीय व्याकरण शैलीमा नेपाल शब्दको व्युत्पत्ति/निर्वचन गर्नुपर्दा जनपदवाची नीप शब्द वा त्यसैको वैकल्पिक रूप नेपबाट स्वार्थमा, अथवा जाति (वर्ग/समूह) वाची नीप वा नेप शब्दबाट देश अर्थात् जनपद अर्थमा -आ+ल प्रत्यय अर्थात् अ वा आ आगमसहितको -ल प्रत्यय गर्नुपर्छ।' आचार्यको कुरो छ– कुनै महत्वपूर्ण व्यक्तिको नाममा नीप शब्द जोडिएको पहिलो उदाहरण ऋग्वेदमा पाइन्छ। ती नीपातिथि हुन्।...ऋग्वेद र अथर्ववेदमा नीप-कण्वजन र तिनका प्रतिपक्ष आंगिरसजनका प्रशस्त रचना भेटिन्छन्।

हाल अक्सफोर्ड विश्वविद्यालयमा स्पाल्डिङ प्राध्यापकका रूपमा कार्यरत दिवाकर आचार्य नेपाललगायत जापाज, जर्मनी, अस्ट्रिया र नेदरल्यान्डका विश्वविद्यालयमा अध्यापन र शोध गरेका बौद्धिक हुन्। समीक्ष्य पुस्तक पढेपछि थाहा लाग्छ, अनुसन्धानको जरा कति भित्रसम्म गाडिएको हुन्छ र एउटा शोधार्थी ती जरा उधिन्न कतिसम्म डुब्नुपर्छ। यसमा उनले नेपाल निष्पत्तिबारेका हालसम्मका तर्क कसरी तथ्यहीन र आधारहीन छन् भनेर खण्डन गरेका छन्। वैदिक संस्कृतका विभिन्न प्राचीन वाङ्मयको सूक्ष्म अवलोकनदेखि संस्कृत-अंग्रेजी-नेपाली-हिन्दीजस्ता अनेकन् भाषाका ग्रन्थदेखि सामान्य चिर्कटोसम्मको मिहिन अध्ययन गरेर उनले यो पुस्तक तयार पारेका छन्।

अब अलिकति गफ गरौं। प्राज्ञिक अनुसन्धानको अनुशासन नै नबुझी हामीकहाँ बडेबडे साहित्यकारबाट 'मेन टेक्स्टभन्दा फुटनोट बढी भएको, सन्दर्भ सामग्रीको चाङ लगाएको' भनेर समग्र अनुसन्धानलाई नै उडाइन्छ र यसकै वाहवाही पनि हुन्छ। अब यो ६८ पृष्ठको पुस्तकमा ९० वटा फुटनोट, १०० भन्दा बढी उद्धृत सन्दर्भ सामग्री छन्। हावादारी साहित्यकार, एउटै सन्दर्भस्रोत नखोली लेख्ने 'एन्टीकरेन्ट' लेखक, नेपाली-संस्कृतमा लेखिएका सबै भुर र अंग्रेजीमा लेखिएका वा अंग्रेजहरूले लेखेका सबै सुपर देख्नेहरूले यो पुस्तकलाई 'झ्याउलो' भनी उडाउनुअघि एकचोटि पढ्ने कि ? हुनत यहाँ कतिसम्म देखिएको छ भने, आफ्नै शोध-प्रश्नबारे लेखिएका पुस्तक-जर्नल लेख हेर्दै नहेरी, तिनको खण्डन-मण्डन केही नगरी 'फलानासँग फलाना मितिको गरिएको कुराकानी' मात्रै-मात्रैको भरमा अनुसन्धानात्मक पुस्तक भनेर होहल्ला पिटिन्छ र पुरस्कार थमाइन्छ।

यो समीक्षा होइन। केवल पठन-अनुभव हो। उनका तथ्य जाँच्ने सामर्थ्य पंक्तिकारसँग छैन। यो पुस्तक गएगुज्रेको पनि हुन सक्छ। विज्ञ-विशेषज्ञहरूको प्रतिक्रिया पढ्न पाइओस्। पुस्तकले नेपालको आद्य-इतिहास त भनि नै हाल्छ, अनुसन्धानको गहिराइ बुझ्न चाहने र अनुसन्धान सिक्न चाहनेका लागि पनि यो पुस्तक अप्रत्यक्ष गुरु पनि हुनसक्छ।